NEPAL BANGLADESH BANK
"A" Class Financial Institution Licensed by Nepal Rastra Bank.

*Ref No.: NB:HO:Share(CS)(01):11//2078/079*

मिति : २०७८/०७/०९

**श्री नेपाल स्टक एक्सचेन्ज लि.,**
**सिंहदरबार प्लाजा, काठमाण्डौं ।**

बिषय : <u>वार्षिक साधारणसभा तथा शेयर दाखिल खारेज बन्द (**Book Closure**) सम्बन्धमा ।</u>

महोदय,

उपरोक्त सम्बन्धमा यस नेपाल बङ्गलादेश बैंक लिमिटेडको मिति २०७८/०७/०९ गते दिउँसो ३:४५ बजेदेखि ४:४५ सम्म बसेको ३७६ औं सञ्चालक समितिको बैठकको निर्णयानुसार यस बैंकको सत्ताइसौं वार्षिक साधारणसभा २०७८ साल मंसिर २ गते बिहीबारका दिन हालसम्म पनि कायम रहेको कोभिड-१९ को महामारीको जोखिमलाई मध्यनजर गर्दै अनलाइन (Zoom Cloud Meetings) को माध्यमबाट भर्च्युअल रूपमा हुने र निर्वाचन कार्यक्रम सोही दिन स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्दै भौतिक दूरी कायम गरी बैंकको रजिष्टर्ड कार्यालय, कमलादी, काठमाडौंमा आयोजना हुने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं । साथै, सत्ताइसौं वार्षिक साधारणसभा तथा बोनश शेयर एवं नगद लाभांश प्रयोजनको लागि मिति २०७८ कार्तिक १५ गते (एक दिन) बैंकको शेयर दाखिल खारेज रोक्का (**Book Closure**) राखिदिनुहुन अनुरोध गर्दछौं ।

वार्षिक साधारण सभा तथा प्रस्तावित बोनश शेयर र नगद लाभांश सम्बन्धि विवरण निम्न बमोजिम रहेको जानकारी गराउँदछौं :

१. बोनश शेयर: १२ प्रतिशतका दरले रु १,०८,०५,७८,५४३।-(अक्षरुपी एक अरब आठ करोड पाँच लाख अठहत्तर हजार पाँच सय त्रिचालीस रुपियाँ मात्र) ।
२. नगद लाभांश: ३.५० प्रतिशत (लाभांशमा लाग्ने करसमेत गरी)का दरले रु ३१,५१,६८,७४२।-(अक्षरुपी एकतीस करोड एकाउन्न लाख अड्सट्ठी हजार सात सय बयालिस रुपियाँ मात्र) ।
३. शेयर दाखिल खारेज मिति (**Book Close date**) : २०७८ कार्तिक १५ गते (एक दिन)।

**४. वार्षिक साधारणसभा सम्बन्धी विवरण**

**<u>सभा हुने मिति, समय तथा स्थान</u> :**

**मिति:-** २०७८ साल मंसिर २ गते, बिहीबार । (तदअनुसार १८ नोभेम्बर, २०२१)
**समय:-** बिहान ११.०० बजे ।
**स्थान:-**
साधारण सभा- अनलाइन (*Zoom Cloud Meetings*) को माध्यमबाट भर्च्युअल रूपमा ।
निर्वाचन- बैंकको रजिष्टर्ड कार्यालय, कमलादी, काठमाडौं (दिनको ३:०० बजेदेखि) ।

**सञ्चालन विधि:-** साधारण सभा अनलाइन (Zoom Cloud Meetings) को माध्यमबाट भर्च्युअल रूपमा र निर्वाचन भौतिक रूपमा सञ्चालन हुने ।

(कोभिड-१९ को संक्रमण हुन सक्ने जोखिम हालसम्म पनि कायमै रहेको हुँदा स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डहरूको परिपालना गर्दै साधारण सभा तथा निर्वाचन सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिले गर्दा साधारण सभामा अनलाइन (Zoom Cloud Meetings) को माध्यमबाट भर्च्युअल रूपमा सहभागी हुन शेयरधनी महानुभावहरूलाई Meeting ID र Password उपलब्ध गराउने तथा बैंकको अफिसियल फेसबुक पेजबाट समेत प्रत्यक्ष प्रशारण गर्ने व्यवस्था गरिएको छ । साथै निर्वाचनस्थलमा उपस्थित हुँदा २ मिटरको भौतिक दूरी कायम हुने गरी हाजिरी गर्ने र मतदान गर्ने व्यवस्था कायम गरिएको हुँदा सङ्क्रमणबाट बच्न र बचाउनका लागि आवश्यक पर्ने मास्क, पन्जा, स्यानिटाइजर लगायतका न्यूनतम सुरक्षाका उपकरणहरू अनिवार्य रूपमा प्रयोग गर्न अनुरोध छ ।)

NEPAL BANGLADESH BANK LTD. HEAD OFFICE

**छलफलको बिषयः**

**(क) सामान्य प्रस्ताव :**

१. आ.ब. २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. यस बैंकको लेखापरीक्षण प्रतिवेदन तथा बैंकका सहायक कम्पनीहरू नेपाल बंगलादेश क्यापिटल लिमिटेड र एनबीबीएल सेक्युरिटिज लिमिटेड सहितको आ.व. २०७७/०७८ को एकीकृत वार्षिक वित्तीय विवरणहरू (वासलात, नाफा/नोक्सान हिसाब, नगद-प्रवाह विवरण आदि) उपर छलफल गरी पारित गर्ने ।

३. आ.ब. २०७८/७९ को लेखापरीक्षण गर्नको लागि बैंकको लेखापरीक्षण समितिद्वारा सिफारिश गरिए बमोजिम लेखापरीक्षकलाई नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (*हालका लेखापरीक्षक श्री सुधिर कुमार शर्मा, S & S Associates, Chartered Accountants लाई पुनः नियुक्त गर्न नमिल्ने* )।

५. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार २०७८ आषाढ मसान्तसम्म कायम रहेको चूक्ता पूँजीको ३.५० प्रतिशत (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत गरी) का दरले हुन आउने रु. ३१,५१,६८,७४२ बराबरको नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७८ आषाढ मसान्तसम्म कायम रहेको चूक्तापूँजीको १२ प्रतिशतका दरले हुन आउने रु. १,०८,०५,७८,५४३ बराबरको बोनस शेयर जारी गरी वितरण गर्ने तथा सोही बमोजिम प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न स्वीकृति प्रदान गर्ने ।

२. प्रस्तावित संशोधनमा नियमनकारी निकाय (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय आदी) ले परिमार्जन/फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने ।

**(ग) बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम आगामी ४ वर्षे कार्यकालका लागि बैंकको सञ्चालक समितिमा संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरू र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरू गरी जम्मा ६ जना सञ्चालकको निर्वाचन गर्ने ।**

(घ) विविध ।

भवदीय,

NEPAL BANGLADESH BANK LTD. HEAD OFFICE

विश्वप्रकाश पौडेल
कम्पनी सचिव

**बोधार्थ :**

**श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।**

**श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाडौं ।**

**श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।**